नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : .....२०७८/०१/१२.....

**विषय :- बढ्दो संक्रमण रोकथाम सम्बन्धमा सार्वजनिक सूचना ।**

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ ले हाल छिमेकी देशहरुमा स्वास्थ्य सेवा प्रवाह प्रणाली समेत तहसनहस पारी नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन र कोभिड १९ को संक्रमितहरुलाई अस्पतालमा राखेर हेरचार गर्न नसकिएको हृदयविदारक घटना हाम्रै आँखा अगाडि देखिरहेका छौं । यो महामारीले हाम्रै देशका विभिन्न स्थानहरुका समेत उस्तै किसिमका दुःखद अवस्था आईसकेको देख्दादेख्दै पनि हामी सबैले संक्रमण रोकथाम गर्न सक्ने भूमिकाहरुको निर्वाह गरेका छैनौं । अहिलेको संक्रमण सबै वर्ग र उमेर समूहका लागि अत्यन्त जोखिमपूर्ण छ र हालसम्म कोभिडको उपचार गर्नसक्ने कुनै पनि औषधि वा उपाय चिकित्सा विज्ञानले विकास गर्न सकेको छैन । आज जुन दुःखद दृश्य स्वास्थ्यकर्मीहरुले दैनिक रुपमा देखिरहेका छन् त्यो कसैको पनि परिवार वा आफन्तमा नघटोस् भन्नका लागि हामी सबैले संक्रमणको फैलावटलाई रोक्ने गरी जिम्मेवार बन्न र बनाउन अत्यावश्यक छ । संक्रमण रोकथामको लागि नेपाल सरकारले तोकेका मापदण्डहरु निर्विकल्प उपाय हुन् । संक्रमणको चक्रलाई रोक्न सकिएन र यही गतिमा फैलँदै गएमा केही दिनमै अस्पतालमा बिरामी राख्ने ठाँउसम्म हुने छैन । त्यसैले व्यक्ति व्यक्तिले निर्वाह गर्न सक्ने भूमिकाहरुबाट कसैलाई पनि बिचलिन हुन नदिऔं, खबरदारी गरौं । आफूले अरु सबैलाई संक्रमणको आशंकामा राखेर मास्क लगाउने, भौतिक दूरी कायम गर्ने र हातको सरसफाईमा ध्यान दिने गरौं ।

समाजका अगुवाहरुको क्रियाकलापहरुलाई सबैले अनुसरण समेत गर्ने भएकाले सबै व्यक्तिलाई सामाजिक उत्तरदायित्व निर्वाह गरी संवेदनशील बनिदिनुहुन, सार्वजनिक समारोहहरु र सार्वजनिक स्थलमा कार्यक्रमहरु नगर्न/नगराउन/सहभागी नबनिदिनहुन मन्त्रालय अनुरोध गर्दछ । त्यस्ता व्यक्ति निकायहरुबाट त्यस किसिमका गतिविधिहरु भएमा खबरदारीसहित कारवाहीको दायरामा ल्याईदिनु हुन सरोकारवाला सबै निकाय तथा व्यक्तिहरुमा अनुरोध गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यो सार्वजनिक सूचना जारी गर्दछ ।

कोभिड १९ को महामारीसँग जुध्नको लागि सबै सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुले जुन सक्रियता र समन्वयमा सन्देशहरु प्रवाह गरी संक्रमण रोकथाममा भूमिका निर्वाह गरिरहनुभएको छ त्यसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छ । अबका दिनहरुमा संचारमाध्यमहरु झन् बढी संवेदनशील हुँदै खबरदारी गर्नुपर्ने अवस्था आएको छ । समग्र आमसञ्चारमा समाचार पढ्दा, अन्तर्वार्ता लिँदा वा कुनै पनि कार्यक्रमहरुका समाचार बनाउँदा मास्कको प्रयोग अनिवार्य गरिदिनुहुन तथा मास्कको प्रयोग नगर्ने व्यक्तिहरुका समाचार सूचनाहरुलाई निरुत्साहित गर्न, बन्द गर्न, प्रकाशन प्रशारण नगरिदिनुहुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

.............................

डा. समिरकुमार अधिकारी

सहप्रवक्ता

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..........................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : ...२०७८/०१/१२......

विषय :- **पीसीआर परिक्षण सम्बन्धमा सार्वजनिक सूचना ।**

प्रयोगशालाहरुले "कोभिड १९ को प्रयोगशाला परीक्षण निर्देशिका २०७७" अनुसार कोभिड १९ को परिक्षणको व्यवस्था गर्दा नेपाली नागरिक, कुटनैतिक निकाय तथा मिसनका कर्मचारी तथा निजका परिवारहरु र नेपालमा बसोबास गरीरहेका विदेशी नागरिकहरुलाई परिचय खुल्ने प्रमाणका आधारमा मात्रै परिक्षण गर्ने व्यवस्था गरिदिनु हुन अनुरोध छ। तर नेपाललाई ट्रान्जिट बनाउने गरी आएका वा नेपालमा परिक्षण मात्रै गर्ने गरी आएर कुनै पनि विदेशी नागरिकहरुको कोभिड १९ परिक्षण नगरीदिनु हुन नेपालका सबै प्रयोगशालाहरुलाई निर्देशन गरिन्छ । यस किसिमले निरुत्साहित गर्दै बन्देज गर्न नसक्दा संक्रमण फैलने जोखिम झनै बढेर गईरहेको देखिएको छ । त्यसैले यस विपरित कुनै पनि प्रयोगशालाहरु वा व्यक्तिहरुले परिक्षण गर्ने गराउने गरेको पाईएमा नियमानुसार कारवाही समेत गरिने व्यहोरा सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरीएको छ ।

.......................................

डा. समिरकुमार अधिकारी

सहप्रवक्ता